# कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बनियानी, झापा

१ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८ ( वन वातावरण तथा विपत व्यवस्थापन शाखा)

च.नं. : ९६८

मिति: २०७७/०८/०८

**विषय :- सूचना पठाईएको बारेमा ।**

**श्री कचनकवल गाउँपालिका सवै. नं. वडा कार्यालय**
**सवै**

प्रस्तुत् विषयमा डिभिजन वन कार्यालय झापा, जिल्ला बन पैदावार आपूर्ति समिति झापाको च.नं. ०२।०७७।०८।०३ गतेको पत्रानुसार यस आ.व. ०७७।०७८ को जिल्ला बन पैदावार आपूर्ति समिति झापाको बार्षिक कार्ययोजना अनुसार यस आ.व. मा यस समितिबाट बन पैदावार उपलब्ध गराउने प्रयोजनको लागि प्रकाशित सूचना टाँस गरि स्थानीय सेवाग्राहीहरुलाई समेत जानकारी गराई दिन हुन भनिलेखि आए अनुसार प्राप्त प्रकाशित उक्त सूचना पाना दुई यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । ताँहा कार्यालयको सूचना पाटीमा टाँस गरि स्थानीय सेवाग्राहीहरुलाई समेत जानकारी गराई दिनहुन अनुरोध छ ।

.............................
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**कुमार बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :-**

**वडा अध्यक्ष श्री सवै ज्यू :-** जानकारीका लागि अनुरोध छ ।
**कचनकवल गाउँपालिका वडा नं. सवै**
**श्री सूचना तथा प्राविधि शाखा कचनकवल गा.पा :-** प्राप्त सूचना Web site मा राखि सवै वडा कार्यालयलाई Mail गरि दिन हुन अनुरोध छ ।

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com वेबसाइट: www.kachankawalmun.gov.np
फोन नं. : ९८५२६५५२१०

जिल्ला वन पैदावार आपूर्ती समिति, भद्रपुर, झापा

सदस्य सचिव

## जिल्ला वन पैदावार आपूर्ती समिति, झापाको सूचना

चालु आ. व. २०७७/०७८ मा घर निर्माण गर्न, घरमा आगलागी भई प्राकृतिक विपद (घर /गोठ आगलागी) परेका वा कृषि पेशामा लागेका घरपरिवारले कृषि औजारका लागि सहुलियत दरमा काठ प्राप्त गर्न तथा जनसहभागितामा आधारित विकास निर्माण कार्यको लागि आवश्यक काठ प्राप्त गर्न चाहने, र घरखर्च/धार्मिक कार्य/दाहसंस्कार /विपद व्यवस्थापनका लागि दाउरा प्राप्त गर्न चाहने यस झापा जिल्ला भित्रका कुनै पनि सामुदायिक वन उपभोक्ता समुहको सदस्य (क र ख श्रेणीका) नभएका तथा वनक्षेत्रको पहुँचभन्दा टाढा रहेका घरपरिवार र संघ संस्थाले जिल्ला वन पैदावार आपूर्ती समितिको सचिवालय (डिभिजन वन कार्यालय), भद्रपुर, झापामा) निम्न कागजातहरु सहित यही यही कार्तिक १ गतेदेखि २०७८जेष्ठ मसान्तसम्म रितपूर्वक निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

समितिबाट उपलब्ध हुन सक्ने काठ/दाउराको परिमाण :

(१) घर निर्माणको लागि

- (क) साल सिसौ :- बढीमा ५० क्यू.फी. सम्म (गोलिया)।
- (ख) अन्यजात :- बढीमा २५ क्यू.फी. सम्म(गोलिया)।

(२) घर मर्मतको लागि

- (क) साल :- बढीमा ३० क्यू.फी. सम्म (गोलिया)।
- (ख) अन्यजात :- बढीमा २० क्यू.फी. सम्म(गोलिया)।

(३) बिकास निर्माण कार्यको लागि :

- (क) साल, सिसौ :- बढीमा ११० क्यू.फी. सम्म(गोलिया)।
- (ख) अन्यजात :- बढीमा ३५ क्यू.फी. सम्म(गोलिया)।

(४) विपद (आगलगी) पिडित सहुलियत

- (क) साल :- बढीमा ३० क्यू.फी. सम्म (४ फुट भन्दा कम गोलाई भएको गोलिया)।
- (ख) अन्यजात :- बढीमा २० क्यू.फी. सम्म(४ फुट भन्दा कम गोलाई भएको गोलिया)।

(५) कृषि औजारको लागि

- (क) साल :- बढीमा ७ क्यू.फी. सम्म (४ फुट भन्दा कम गोलाई भएको गोलिया)।
- (ख) अन्यजात :- बढीमा ३ क्यू.फी. सम्म(४ फुट भन्दा कम गोलाई भएको गोलिया)।

(६) घर काज दाउरा

- (क) साल :- बढीमा ०.५ चट्टा।
- (ख) अन्यजात :- बढीमा ०.५ चट्टा।

(७) धार्मिक कार्य : साल र अन्य दाउरा आवश्यकता अनुसार।

(८) दाहसंस्कार : साल र अन्य दाउरा आवश्यकता अनुसार।

(९) विपद व्यवस्थापन :साल र अन्य दाउरा आवश्यकता अनुसार।

*नोट:-नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७।०८।१५ र मिति २०७७।०९।२८ को निर्णयानुसार साल प्रजातीका बन पैदावार संकलन ओसारपसार र बिकि बितरण हाल रोक्का रहेको हुदा अन्य प्रक्रिया पुरा गर्दै गर्ने र सो खुल्ला भए पश्चात मात्र बन पैदावार उपलब्ध हुने ब्यहोरा समेत अनुरोध छ।*

सदस्य सचिव

१)काठ पाउनका लागि निवेदनको साथमा पेश गर्न पर्ने कागजातहरु र बिबरण

| घर निर्माण / मर्मत | | विकास निर्माण | प्राकृतिक विपद (आगलागी)/कृषि औजार |
|---|---|---|---|
| गा.पा. क्षेत्र भित्र | नगरपालिका क्षेत्र भित्र | | |
| • नेपाली नागरिताको प्रतिलिपि<br>• जग्गाधनी पुर्जाको प्रतिलिपि<br>• गा.पा. को सिफारिस<br>• हालसालै तिरो तिरेको रसीद | • नक्सापास गरेको प्रमाण-पत्रको प्रतिलिपि (२ वर्ष भित्रको)<br>• नेपाली नागरिकताको प्रतिलिपि<br>• जग्गाधनी पुर्जाको प्रतिलिपि<br>• न.पा.को निर्माण इजाजत पत्र र सिफारिस पत्र<br>• हालसालै सम्पति कर वा तिरो तिरेको रसीद | • संस्थाको निर्णय र लागत इष्टीमेट<br>• जिल्ला स्थित तालुक निकायको सिफारिस<br>• जि.स.स.को योजनामा समावेश भए/नभएको सिफारिस<br>• सहभागितामूलक विकास निर्माण हो भनी एकीन हुने प्रमाण<br>• अन्यप्रमाण र आधारहरु | क) जिल्ला विपद व्यवस्थापन समिति (जिल्ला प्रशासन कार्यालय)को सिफारिश पत्र ।<br>ख)कृषि औजारको लागि<br>• नेपाली नागरिताको प्रतिलिपि,<br>• जग्गाधनी पुर्जाको प्रतिलिपि ,<br>• गा.पा./न.पा. को सिफारिस र तिरो तिरेको रसीद । |

२) दाउरा पाउनका लागि निवेदनको साथमा पेश गर्नु पर्ने कागजातहरु र बिबरण :

| घरकाज | धार्मिक कार्य | दाहसंस्कार | प्राकृतिक विपद |
|---|---|---|---|
| • नेपाली नागरिताको प्रतिलिपि ।<br>• जग्गाधनी पुर्जाको प्रतिलिपि<br>• गा.पा./न.पा. को सिफारिस ।<br>• तिरो तिरेको रसीद । | • धार्मिक संघसंस्थाको माँग निवेदन ।<br>• स्थानिय निकायको सिफारिस | • स्थानीय निकायको सिफारिस । | • जिल्ला विपद व्यवस्थापन समिति (जिल्ला प्रशासन कार्यालय)को सिफारिश पत्र । |

समितिबाट काठ/दाउरा प्राप्त गर्ने सम्बन्धी अन्य शर्तहरु :

- कुनै पनि सामुदायिक वनका 'क' र 'ख'वर्गका उपभोक्ताहरु लाई काठ उपलब्ध गराइने छैन ।
- निवेदन पेश गर्दा काठ/दाउरा माग गर्ने व्यक्ति वा परिवार कुनै सामुदायिक वनको उपभोक्ता नभएको वा कुनै पनि सामुदायिक वनको क्षेत्र भन्दा बाहिर (टाढा) रहेको भनी उल्लेख गर्नु पर्नेछ । निवेदक कुनै सामुदायिक वनको उपभोक्ता हो वा होइन भन्ने द्विविधा भएमा सम्वन्धित उपभोक्ता समुहसँग बुझी यकिन गरिनेछ ।
- चालु आ.व. भित्र घर/भवन निर्माण वा मर्मत गर्ने परिवार वा संघ/संस्थालाई मात्र काठ उपलब्ध गराइनेछ । घर/भवन निर्माण/मर्मत कार्य शुरु नगरेको व्यक्तिलाई काठ उपलब्ध गराइनु पर्ने बाध्यता हुने छैन ।
- काठ माग गर्ने निवेदकले निवेदन दर्ता गर्दा, काठ प्राप्त गर्ने पूर्जी/सिफारिस पत्र लिदा र काठ प्राप्त गर्दा समेत निवेदक स्वयं उपस्थित हुनुपर्नेछ ।
- निवेदन पेश भएपछि काठ उपलब्ध गराउने निर्णय गर्नु अघि र काठ उपलब्ध गराई सकेपछि समितिका सदस्य र वन कर्मचारीको एक टोली बनाई अनुगमन गरिनेछ ।
- समितिबाट काठ उपलब्ध गराउने निर्णय गर्दा वनक्षेत्र र बजार क्षेत्रको नजिकका उपभोक्तालाई भन्दा टाढाका उपभोक्तालाई प्राथमिकता दिइनेछ ।